# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूसँग मिति २०७५ कार्तिक २० गते उहाँकै कार्यकक्षमा नेपालका लागि जापानका महामहिम राजदूत मासामिची साइगो (**H.E. Mr. Masamichi Saigo**) ले शिष्टाचार भेट गर्नुभयो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले जापानका महामहिम राजदूतलाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै नेपाल र जापानबीच लामो समयदेखि अत्यन्त घनिष्ठ एवं सुमधुर मैत्रीपूर्ण सम्बन्ध रहेको र यो सम्बन्ध आगामी दिनमा अझ बढी प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्नुभयो ।उहाँले जापानले नेपालको आर्थिक सामाजिक विकास तथा ऊर्जा,सडक यातायात,सूचना प्रविधि लगायतका क्षेत्रमा महत्वपूर्ण पूर्वाधार संरचनाको निर्माणमा पुर्‍याउँदै आएको सहयोगका लागि नेपाली जनता र नेपाल सरकारको तर्फबाट जापान सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो । भेटवार्तामा माननीय उपप्रधानमन्त्रीज्यूले जापानले नेपाललाई सन् २०१५ को भूकम्प पश्चात्को उद्धार तथा पुनर्निर्माणमा महत्वपूर्ण सहयोग गरेको कुरा स्मरण गर्दै जापानले विकास गरेको विपद् व्यवस्थापन तथा उद्धार सम्बन्धी प्रविधि र उपकरण नेपालजस्तो प्राकृतिक जोखिममा रहेको मुलुकका लागि अत्यन्त उपयोगी भएको विचार व्यक्त गर्नुभयो ।

भेटवार्ताका क्रममा जापानी राजदूतले नेपाल र जापान लामो समयदेखि अत्यन्त असल मित्रको रूपमा रहेको चर्चा गर्दै नेपालको आर्थिक सामाजिक विकासमा सहयोग गर्न जापान सदैव सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो ।नेपाललाई विपद् व्यवस्थापनको क्षेत्रमा आवश्यक सहयोग पुर्‍याउन जापानले आगामी दिनमा पनि सहयोग गर्दै जाने धारणा उहाँले भेटवार्ताका क्रममा राख्नुभयो । शिष्टाचार भेटका अवसरमा जापानी राजदूतले आगामी सन् २०२५ मा आयोजना हुने World Expo जापानको ओसाका शहरमा आयोजना गर्न नेपालको समर्थनका लागि समेत अनुरोध गर्नुभयो । शिष्टाचार भेटका अवसरमा माननीय उपप्रधानमन्त्रीज्यूसँग रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थित थियो ।

(मनोजकुमार आचार्य)
उपसचिव एवं सह-प्रवक्ता

**रक्षा मन्त्रालय,**
सिंहदरबार, काठमाण्डौं
२० कार्तिक, २०७५